# नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभाग, टक्सार महाशाखा, सुन्धारा, काठमाडौंमा ढल निर्माण गर्ने कार्यको आर्थिक दरभाउपत्र फाराम

नेपाल राष्ट्र बैंक
मुद्रा व्यवस्थापन विभाग
थापाथली, काठमाडौं

# नेपाल राष्ट्र बैंक
## मुद्रा व्यवस्थापन विभाग
## थापाथली, काठमाडौं

**नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभाग, टक्सार महाशाखा, सुन्धारा, काठमाडौंमा ढल निर्माण गर्ने कार्यको**
**सिलबन्दी दरभाउपत्रको आर्थिक प्रस्ताव फाराम**

| | |
|---|---|
| दरभाउपत्र फाराम पाईने स्थान | : नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभाग, थापाथली र टक्सार महाशाखा, सुन्धारा । |
| दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मिति | : २०७०/०३/१७ गते दिनको १५:०० बजेसम्म । |
| सिलवन्दी दरभाउपत्र फाराम पेश गर्ने अन्तिम मिति | : २०७०/०३/१८ गते दिनको १२:०० बजभित्र । |
| दरभाउपत्र खोल्ने मिति र समय | : २०७०/०३/१८ गते दिउंसो १:०० बजे । |
| दरभाउपत्र खोल्ने स्थान | : नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभाग, थापाथली, काठमाडौं । |

**नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभाग, टक्सार महाशाखा, सुन्धारा, काठमाडौंमा ढल निर्माण गर्ने** कार्यको लागि मिति २०७०/०३/०३ को गोरखापत्र दैनिकमा प्रथम पटक प्रकाशित सिलबन्दी बोलको सूचना र यसैसाथ संलग्न बोलपत्र सम्बन्धी कागजातहरुको शर्तको अधिनमा रही रु. .................................... र यसमा लाग्ने मूल्य अभिवृद्धि कर रु. ........................... समेत गरी जम्मा रु. .................................................... (अक्षरेपी .................................................................................................................... मात्र) मा कार्य सम्पन्न गर्न मन्जुर गरी यो सिलबन्दी दरभाउपत्र फाराम पेश गरेको छु/छौं ।

**फर्म, संस्था/कम्पनीको नाम** :

**पुरा ठेगाना** :

**फर्म, संस्था/कम्पनीको तर्फबाट अख्तियारवालाको दस्तखत** :

**पुरा नाम** :

**मिति** :

**फोन नं./मोबाईल नं.** :

**फ्याक्स नं.** :

**इमेल ठेगाना** :

**फर्म, संस्था/कम्पनीको छाप** :

**नोट :**

*दरभाउपत्र फारामको बिल अफ क्वान्टिटीमा उल्लेख भएको रकम र कार्य सम्पन्न गर्न मन्जूर गरेको रकम बराबर हुनु पर्नेछ । सो नभएमा प्रचलित कानून बमोजिम हुनेछ ।*

# बिल अफ क्वान्टिटी

| S.No. | Particulars | Quantity | Unit | Rate per unit | Amount | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Site preparation work with cleaning and disposal of debrises, uprooting roots, solid wastes etc. all complete | 687.80 | Sqm | | | |
| 2 | Earthwork in Excavation in foundation, trenches in soft silty clay including 1.5 m lift & 10 m lead all complete. | 407.76 | Cum | | | |
| 3 | Earth filling in 150 mm thick layer, watering, ramming including supply of filling materials within 10 m distance all complete. | 257.43 | Cum | | | |
| 4 | Local flat brick soiling work with sand filling. | 52.20 | Sqm | | | |
| 5 | Plain cement concrete (PCC) in 1:3:6 ratio for foundations, flooring and walls with approved quality of cement and sand and crushed stone aggregate including mixing, laying, curing etc all complete in approval of site engineer. | 2.23 | Cum | | | |
| 6 | Brickwork in 1:6 C/S mortar up to ground floor in perfect line level finish including wetting the bricks, racking the joints and curing the work for at least 7 days all complete. | 3.91 | Cum | | | |
| 7 | Plain cement concrete (PCC) for RCC works (1:1.5:3) for foundation with approved quality of cement and sand and crushed stone aggregate including mixing, laying, curing etc all complete in approval of site engineer. | 2.27 | Cum | | | |
| 8 | Plain cement concrete (PCC) for RCC works (1:2:4) for beam/slab with approved quality of cement and sand crushed stone aggregate including mixing, laying, curing etc all complete in approval of site engineer. | 3.50 | Cum | | | |
| 9 | Tor steel reinforcement bar of fe 415/500 grade including straightening, cleaning, cutting, binding& fixing in position with annealed tying binding wire as per drawing, design & instruction all complete. | 575.30 | Kg | | | |
| 10 | Formwork, shuttering, centering with approved materials for column and beam necessary propping, scaffolding, staging, supporting inclusive of wedging and cutting holes for utilization till the support if fully unyielding nett. | 51.00 | Sqm | | | |
| 11 | 12.5mm thick cement sand plaster in (1:3) ration on wall of good finish including racking the joint, wetting of surfaces & curing the work all complete. | 24.45 | Sqm | | | |
| 12 | 3 mm thick cement plastering work including mixing laying and rubbing with steel trowel to a hardm smooth and shining surface and curing all complete. | 24.45 | Sqm | | | |
| 13 | 400mm dia. NP2 RCC humepipe with collar layihng all complete | 161.00 | Rm | | | |
| 14 | 300mm dia. NP2 RCC humepipe with collar Laying all complete | 140.90 | Rm | | | |
| 15 | 200 mm dia. NP2 RCC humepipe with collar Laying all complete | 65.00 | Rm | | | |
| 16 | 110mm dia. Pvc special trap (6kg/cm2) | 50.00 | No. | | | |
| 17 | 110mm dia. Pvc pipe (6kg/cm2) | 17.50 | Rm | | | |
| | Total Amount (RS) | | | | | |
| | 13% Vat Amount (Rs) | | | | | |
| | Total amount with vat (Rs) | | | | | |

**नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभाग, टक्सार महाशाखा, सुन्धारा, काठमाडौंमा ढल निर्माण गर्ने कार्यको**
**दरभाउपत्र प्रस्तावको आर्थिक मूल्याङ्कन फारमः**

**४. दरभाउपत्र प्रस्तावको आर्थिक पक्षको मूल्याङ्कन फाराम :**

| क्र.सं. | विवरण | दरभाउपत्रदाताको नाम | |
|---|---|---|---|
| | | | |
| | | छ | छैन |
| १. | दरभाउपत्रदाताले बिल अफ क्वान्टिटी फाराममा इकाई दर, इकाई दरले हुने जम्मा रकम र कूल रकम अंक र अक्षरमा स्पष्ट रुपमा भरेको । | | |
| २. | बिल अफ क्वान्टिटीमा प्रस्ताव गरिएको खुद मूल्यमा मूल्य अभिवृद्धि कर समेत समावेश गरेको । | | |
| ३. | दरभाउपत्रको शर्त नं. १.६ बमोजिम कार्य गर्न मन्जूर गरेको । | | |
| ४. | लागत अनुमानसँग कबोल रकम सारभूत रुपमा प्रभावग्राही देखिएको । | | |
| ५. | कबोल रकम अनुमानित लागतभन्दा बढी रहेको । | | |
| ६. | दरभाउपत्रको जमानतको मान्य अवधि दरभाउपत्रको शर्त बमोजिम रहेको । | | |
| ७. | कबोल गरेको रकम मूल्य अभिवृद्धि कर सहित । (रकम उल्लेख गर्ने) | | |

**मूल्याङ्कन-कर्ताको राय :**

**मूल्याङ्कन-कर्ताको नाम :**

**पद :**

**दस्तखत :**

**मिति :**

**नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभाग, टक्सार महाशाखा, सुन्धारा, काठमाडौंमा ढल निर्माण गर्ने कार्यको दरभाउपत्र प्रस्तावको विशेष मूल्याङ्कन फाराम**

**५. दरभाउपत्र प्रस्तावको विशेष मूल्याङ्कन फाराम :**

| क्र.सं. | विवरण | दरभाउपत्रदाताको नाम | |
|---|---|---|---|
| | | | |
| | | छ | छैन |
| १. | दरभाउपत्र सम्बन्धी कागजमा निर्माण कार्यको कार्ययोजना, कार्य सम्पादन तालिका र परिचालन समय उल्लेख गरेको । | | |
| २. | दरभाउपत्रदाताले बिल अफ क्वान्टिटीमा संलग्न आईटमको लागि उल्लेख गरेको प्रति इकाई दर विश्वसनीय देखिएको । | | |
| ३. | दरभाउपत्रको कबोल अंक असन्तुलित देखिन आएको । | | |
| ४. | कबोल अंक असन्तुलित देखिन आएको भएमा,<br>(क) खरिद सम्झौताको प्रारम्भिक चरणमा गर्नु पर्ने कामको आईटमको लागि दरभाउपत्रदाताले अस्वाभाविक उच्च दर उल्लेख गरेको । | | |
| | (ख) दरभाउपत्रदाताले बिल अफ क्वान्टिटीको एक/केही/धेरै आइटममा अस्वाभाविक न्यून दर/उच्च दर उल्लेख गरेको । | | |

**मूल्याङ्कन-कर्ताको राय :**

**मूल्याङ्कन-कर्ताको नाम :**

**पद :**

**दस्तखत :**

**मिति :**

**नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभाग, थापाथली, काठमाडौं र**
**श्री** ..... .... .... ..... ..... .... .... ..... ..... .... .... ..... **बीच**
**नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभाग, टक्सार महाशाखा, सुन्धारा, काठमाडौंमा**
**ढल निर्माण गर्ने कार्यको सम्झौतापत्र**

**नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभाग, थापाथली, काठमाडौं** (यसपछि प्रथम पक्ष भनिएको) र **श्री** ............................ (यसपछि द्वितीय पक्ष भनिएको) बीच नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभाग, टक्सार महाशाखा, सुन्धारा, काठमाडौंमा ढल निर्माण गर्ने सम्बन्धमा यसैसाथ संलग्न शर्त, स्पेसिफिकेशन र नक्सा वमोजिम वास्तविक कार्य गरेको आधारमा बिलको भुक्तानी दिने गरी हाल स्वीकृत रकम मूल्य अभिवृद्धि कर समेत रु. ............................... (अक्षरेपी ....................................................... ) मा ठेक्का लिने/दिने गरी यो सम्झौता गरिएको छ ।

१. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस सम्झौतापत्रमा :-

(क) **प्रथम पक्ष** भन्नाले नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभाग, थापाथली, काठमाडौंलाई सम्झनु पर्छ र सो शब्दले बैंकबाट नियुक्त कन्सल्टेन्ट ईन्जिनियर समेतलाई जनाउनेछ ।

(ख) **द्वितीय पक्ष** भन्नाले श्री .................................. सम्झनु पर्छ र सो शब्दले निजको उत्तराधिकारी, अधिकृत प्रतिनिधि वा निजले खटाएको वा अह्राएको व्यक्ति समेतलाई जनाउने छ ।

(ग) **प्रथम पक्षको प्रतिनिधि** भन्नाले दरभाउपत्र अनुसारको कामको रेखदेख गर्न आवश्यकतानुसार प्रथम पक्षबाट निर्माण स्थलमा खटाईएको व्यक्तिलाई सम्झनु पर्छ ।

(घ) **काम** भन्नाले सम्झौतापत्र, बिल अफ क्वान्टिटी र नक्सामा उल्लेख भए अनुसारको काम सम्झनु पर्छ ।

(ङ) **सम्झौतापत्र** भन्नाले यस सम्झौतापत्रमा उल्लिखित शर्तहरु, स्पेसिफिकेसन, नक्सा, बिल अफ क्वान्टिटी, तोकिएको ठेक्का रकम, सोसँग सम्बन्धित दर र दरउभाउपत्रलाई समेत सम्झनु पर्छ ।

(च) **निर्माण सामाग्री** भन्नाले दरभाउपत्र अनुसारको कार्यमा वा त्यस्तो कार्यको लागि प्रयोगमा ल्याईने सम्पूर्ण माल सामानलाई सम्झनु पर्छ ।

(छ) **नक्सा** भन्नाले दरभाउपत्र अनुसार गर्ने कार्यको नक्सा सम्झनु पर्छ र सो शब्दले समय समयमा ईन्जिनियरले आवश्यक हेरफेर र परिमार्जन गरी स्वीकृत गरेको नक्सा समेतलाई जनाउने छ ।

(ज) **निर्माणस्थल** भन्नाले काम हुने ठाउँ सम्झनु पर्छ र सो शब्दले निर्माण कार्यमा प्रयोग गरिने माल सामान राखिने ठाउँ समेतलाई जनाउने छ ।

२. **बैंकबाट नियुक्त कन्सल्टेन्ट ईन्जिनियरको अधिकार र कर्तव्य** :-

(१) ईन्जिनियरको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कामको सम्पूर्ण रेखदेख गर्ने

(ख) काममा प्रयोग गरिने वस्तुको परीक्षण गर्ने वा गर्न लगाउने ।

(ग) कामको स्तर वा दक्षता हेर्ने र सो परीक्षण गर्ने वा गर्न लगाउने ।

(घ) यस सम्झौतामा उल्लिखित कामहरु गर्ने वा गर्न लगाउने ।

(ङ) आवश्यक परेमा मर्मत सामाग्रीहरु कार्य स्थलमा दाखिला हुनासाथ सोको परिमाण खुलाई द्वितीय पक्षबाट विवरण लिने वा लिन लगाउने ।

(२) निर्माण कार्यमा प्रयोग गरिने सामाग्री तथा कार्यको स्तर सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा प्रथम पक्षको निर्णय अन्तिम हुनेछ ।

३. **द्वितीय पक्षले अरुलाई काम सुम्पन नहुने** : यस सम्झौता वमोजिम द्वितीय पक्षले गर्नु पर्ने काम वा सोको केही भाग प्रथम पक्षको लिखित स्वीकृति बेगर कुनै व्यक्ति वा फर्मलाई सुम्पन पाउने छैन ।

४. **सम्झौतापत्रको व्याख्या** : सम्झौतापत्रको व्याख्याको आवश्यकता परे प्रथम पक्षले व्याख्या गर्नेछ र निजले गरेको व्याख्या द्वितीय पक्षले पालना गर्नु पर्नेछ ।

५. **नक्सा** :

(१) नक्साहरु प्रथम पक्षको अधीनमा रहनेछन् । द्वितीय पक्षलाई नक्साहरुको आवश्यकता परेमा बिना महशुल उपलब्ध गराईने छ । द्वितीय पक्षले आवश्यक मात्रामा नक्साका प्रतिलिपिहरु बनाउन सक्नेछ ।

(२) सम्झौतापत्र बमोजिम गर्नु पर्ने कामका लागि समय समयमा आवश्यक पर्ने अन्य नक्साको लागि द्वितीय पक्षले प्रथम पक्षलाई समयमै लिखित सूचना दिनु पर्नेछ ।

६. **अन्य आवश्यक नक्सा र निर्देशन** : निर्माण कार्यको क्रममा प्रथम पक्षले समय समयमा द्वितीय पक्षलाई आवश्यक नक्सा र निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु द्वितीय पक्षको कर्तव्य हुनेछ ।

७. **सन्तुष्ट हुने काम हुनु पर्ने** : द्वितीय पक्षले सम्झौतामा उल्लिखित तरिका अनुसार प्रथम पक्ष सन्तुष्ट हुने गरी काम गर्नु पर्नेछ । निर्माण कार्य बिल अफ क्वान्टिटीमा उल्लेख गरिएको विवरण तथा स्पेसिफिकेसन तथा नक्सा अनुसारको नभई फरक परेमा प्रथम पक्षलाई स्वीकार्य हुने छैन र त्यस्तो कामको भुक्तानी दिईने छैन ।

८. **द्वितीय पक्षले कामको रेखदेख गर्ने** : निर्माण कार्य गर्दा द्वितीय पक्ष वा निजको प्रतिनिधि आफै बसी सम्पूर्ण कामको रेखदेख गर्नु पर्नेछ ।

९. **द्वितीय पक्षको कामदार** : सामान्य श्रमिकको रुपमा कार्य गराउँदा बाहेक निर्माण कार्यको लागि द्वितीय पक्षले योग्य र अनुभवी व्यक्तिहरुलाई मात्र कार्यमा लगाउनु पर्नेछ ।

१०. **कामदार खटाउने** : प्रथम पक्ष वा प्रथम पक्षको प्रतिनिधिलाई द्वितीय पक्षले राखेका कामदार वा प्रतिनिधिको काम सन्तोषजनक छैन भन्ने लागेमा निजले त्यस्ता कामदार वा प्रतिनिधिलाई हटाउन द्वितीय पक्षलाई आदेश दिन सक्नेछ । यस्तो आदेश प्राप्त भएमा द्वितीय पक्षले त्यस्ता कामदार वा प्रतिनिधिलाई हटाई यथाशक्य योग्य कामदार वा प्रतिनिधिको व्यवस्था गर्नु पर्नेछ ।

११. **चिन्ह लगाउने** : काम शुरु गर्नु अघि गरिने कार्यको ठीक ठीक चिन्ह लगाउने, नाप, लेबल मिलाउनु पर्ने कुराहरु प्रथम पक्षले द्वितीय पक्षलाई दिएका निर्देशन वमोजिम गर्नु पर्नेछ । नाप, लेवल, लाईन नमिलाई वनाएको खण्डमा द्वितीय पक्षले आफ्नो खर्चमा सच्याई पुनः बनाउनु पर्नेछ ।

१२. **परीक्षणसँग सम्बन्धित अतिरिक्त कामको खर्च** : निर्माण अवस्थामा जमिन भित्रसम्म खनी कुनै परीक्षण गर्नु पर्ने भएमा प्रथम पक्षले द्वितीय पक्षलाई लिखित आदेश दिनेछ र त्यस्तो कामको लागि लाग्ने खर्च प्रथम पक्षबाट द्वितीय पक्षलाई दिईनेछ ।

१३. **अन्य प्रबन्ध** : निर्माण कार्यको संरक्षणका लागि गरिनु पर्ने कार्यहरुका बारेमा प्रथम पक्षको प्रतिनिधि वा अन्य अधिकार प्राप्त व्यक्तिले द्वितीय पक्षलाई आदेश दिन सक्नेछ र त्यस किसिमको खर्च द्वितीय पक्षले व्यहोर्नु पर्नेछ ।

१४. **कामको स्याहार संभार** : काम शुरु भएदेखि समाप्त नभएसम्मको स्याहार संभार गर्ने सम्पूर्ण जिम्मेवारी द्वितीय पक्षको हुनेछ । कारणवश कुनै काम वा अस्थायी काम वा तिनको कुनै भागमा कुनै किसिमको नोक्सान हुन गएमा द्वितीय पक्षले नै आफ्नो तर्फबाट खर्च व्यहोरी बनाउनु पर्नेछ ।

१५. **पुरातात्विक वा वैज्ञानिक वस्तुहरु** : निर्माण कार्यको क्रममा पुरातात्विक वा वैज्ञानिक महत्वका वस्तुहरु निस्केमा ती वस्तुहरु उपर द्वितीय पक्षको कुनै अधिकार हुने छैन । द्वितीय पक्षले प्रथम पक्षलाई सूचना दिई उक्त वस्तु प्रथम पक्षलाई वुझाउनु पर्नेछ ।

१६. **पेटेण्ट अधिकार र रोयल्टीज** : निर्माण कार्यका सम्बन्धमा द्वितीय पक्षले अरु कुनै व्यक्तिको पेटेण्ट, डिजाईन, ट्रेडमार्क, नाम वा अन्य सुरक्षित अधिकारहरुको प्रयोग प्रथम पक्षलाई नोक्सान हुने गरी गर्न हुँदैन । कथंकदाचित त्यस्ता कुराहरु प्रयोग गरी प्रथम पक्षलाई कुनै किसिमको नोक्सानी भएमा द्वितीय पक्षले सो नोक्सानी व्यहोर्नु पर्नेछ ।

१७. **आवागमनमा बाधा पुर्‍याउन नहुने** : निर्माण कार्य गर्दा कुनै व्यक्ति वा सर्वसाधारणलाई बाधा वा हानी पुग्ने गरी निजी वा सार्वजनिक बाटो, पानीका नाला, बिजुली वा टेलिफोनका तार लगायत अन्य स्थानहरुमा बाधा वा हानी नोक्सानी पुग्ने काम गर्न हुँदैन । कथंकदाचित त्यस्तो हुन गएमा द्वितीय पक्ष जिम्मेवार हुनु पर्नेछ ।

१८. **अरु व्यक्तिलाई निर्माण स्थल प्रयोग गर्न दिने** : निर्माण स्थल र कार्यमा प्रथम पक्षले आफ्नो तर्फबाट कामदार व्यक्तिहरु राखी अन्य कार्य गराउन चाहेमा द्वितीय पक्षले आवश्यक सुविधा र सहयोग समन्वयात्मक ढंगबाट उपलव्ध गराउनु पर्नेछ ।

१९. **कामदारको बन्दोबस्त** : द्वितीय पक्षले निर्माण कार्यको लागि चाहिने कामदार, ज्यामी कारिन्दा, प्राविधिज्ञ आदि सबै आफ्नै तर्फबाट बन्दोबस्त गर्नु पर्नेछ र आवश्यकतानुसार तिनीहरु वस्ने घर, खानेपानी, बत्ती आदिको बन्दोबस्त, आवश्यक पर्ने बीमा लगायतका सुरक्षाको प्रबन्ध समेत गर्नु पर्नेछ । प्रथम पक्षले निर्माण कार्यमा संलग्न ज्यामी, कारिन्दा, प्राविधिकहरुको लगत मागेमा द्वितीय पक्षले दिनु पर्नेछ ।

२०. **प्रयोग हुने वस्तु र परीक्षण** : निर्माण कार्यको लागि प्रयोग गरिने मालसामानहरु निर्माण स्थलमा दाखिला हुनासाथ परिमाण खुलाई द्वितीय पक्षले प्रथम पक्ष वा निजको प्रतिनिधिलाई सूचना गर्नु पर्नेछ । यस्तो सामाग्री सम्झौतापत्रमा उल्लिखित किसिमको वा ईन्जिनियरले निर्देशन दिए बमोजिमको हुनु पर्नेछ । निर्माण कार्यमा कुनै वस्तु प्रयोग गर्नुभन्दा अगावै सो वस्तुको नमूना ईन्जिनियर समक्ष द्वितीय पक्षले आफ्नै खर्चमा पठाउनु पर्नेछ । नमूना परीक्षण गराउनु पर्ने भनी ईन्जिनियरले ठहर गरेमा त्यस्तो परीक्षण गर्दा लाग्ने खर्च द्वितीय पक्षले व्यहोर्नु पर्नेछ ।

२१. **निर्माणस्थलको निरीक्षण** : प्रथम पक्ष वा निजको ईन्जिनियर वा निजको प्रतिनिधिले जुनसुकै बखत पनि निर्माणस्थलमा कामको निरीक्षण गर्न सक्नेछन् ।

२२. **काम सकिनुभन्दा अघिको परीक्षण** : प्रथम पक्ष वा निजको ईन्जिनियर वा अधिकार प्राप्त व्यक्तिले आवश्यकता अनुसार नापी वा जाँची स्वीकृति दिएपछि मात्र ढाक्ने, छोप्ने वा बन्द गर्ने कार्य द्वितीय पक्षले गर्नु पर्नेछ । त्यस्तो नाप वा जाँचको लागि समयमै द्वितीय पक्षले ईन्जिनियर वा अधिकार प्राप्त व्यक्तिलाई सूचना दिनु पर्नेछ ।

२३. **मालवस्तु हटाउने र अर्को ल्याउने आदेश** : (१) कामको निर्माणाधिन अवस्थामा ईन्जिनियरले आवश्यक देखेमा द्वितीय पक्षलाई लिखित सूचना दिई देहाएका आदेशहरु दिन सक्नेछ :

(क) निर्मित कार्यको कुनै भाग सन्तोषजनक नदेखिएमा सो भत्काई पुनः बनाउन लगाउने,
(ख) निर्माण कार्य गर्ने स्थलमा देखिएका वस्तुहरु कार्यमा प्रयोग हुन लायक गुणस्तरको नभएमा ती वस्तुहरु हटाउन लगाउने र चाहिँदो गुणस्तरको वस्तु मगाउन लगाउने, र
(ग) निर्मित कार्यको प्रमाणपत्र वा भुक्तानी पाईसकेपछि पनि त्यस्ता कार्यमा कुनै त्रुटि देखा परेमा सो भत्काई पुनः बनाउन लगाउने ।

(२) उपशर्त (१) बमोजिम दिईएका आदेशहरु अन्तर्गत गर्नु पर्ने कार्यहरु तोकिएको समय वा मनासिब माफिकको समयभित्र द्वितीय पक्षले आफ्नै खर्चमा गर्नु पर्नेछ । त्यस्ता आदेशहरु द्वितीय पक्षले पालना नगरेमा प्रथम पक्षले नै ती कार्यहरु गर्नेछ र सो कार्य गर्दा लागेको खर्च द्वितीय पक्षलाई दिनु पर्ने रकमबाट कट्टा गरी असुल उपर गरिनेछ ।

२४. **काम स्थगित गर्नु पर्ने** : ईन्जिनियरले मनासिव माफिकको कारण खुलाई निर्माण कार्य संचालन गर्न नसकिने अवस्था परेको भनी द्वितीय पक्षलाई खास अवधिसम्मका लागि निर्माण कार्यको सम्पूर्ण वा आंशिक रुपमा काम बन्द गर्नका लागि लिखित आदेश दिन सक्नेछ । यस किसिमको आदेश पाएमा द्वितीय पक्षले सो स्थगित अवधिभर भईसकेका कामहरु सुरक्षित रुपमा राख्नु पर्नेछ । तर प्रथम पक्षको लिखित अनुमति बिना द्वितीय पक्षले कार्य स्थगित गर्न पाउने छैन ।

२५. **तयारी म्याद** : प्रथम पक्षबाट द्वितीय पक्षलाई काम शुरु गर्न कार्यादेश दिएको मितिले ७ दिन तयारी म्याद पाउनेछ र उक्त अवधि भित्र द्वितीय पक्षले काम शुरु गरी सोको सूचना प्रथम पक्षलाई लिखित रुपमा दिनु पर्नेछ । सो अनुसार काम शुरु नगरेमा प्रथम पक्षले परफरमेन्स बण्ड, बिडबण्ड तथा अन्य जमानत वा धरौटी रकम भए सो जफत गरी द्वितीय पक्षलाई कालो सूचीमा राख्न कारबाही अगाडि वढाईने छ ।

२६. **काम समाप्त हुनु पर्ने अवधि** : शर्त नं. २४ वमोजिम काम स्थगित भएकोमा बाहेक बिल अफ क्वान्टिटी तथा नक्सामा उल्लेख भए बमोजिम हुनु पर्ने कार्य सम्झौता अनुसार कार्यादेश पाई दफा २५ मा व्यवस्था भएको मितिले ६० दिनभित्र द्वितीय पक्षले सम्पन्न गरी सक्नु पर्नेछ ।

२७. **समय थप** : कामको क्रममा प्रथम पक्षले थप कार्य स्वीकृत गरेमा वा काबु बाहिरको कुनै परिस्थितिले गर्दा तोकिएको समयमा काम समाप्त हुन नसकेको भनी सबै परिस्थिति खुलाई द्वितीय पक्षले प्रथम पक्ष समक्ष दरखास्त दिएमा र प्रथम पक्ष सो परिस्थितिसँग सन्तुष्ट भएमा आवश्यक समय थप दिन सकिनेछ ।

२८. **समयमै काम नसकिएमा क्षतिपूर्ति दिनु पर्ने** : शर्त नं.२६ मा उल्लिखित समय भित्र वा शर्त नं.२७ बमोजिम दिईएको थप समय भित्र द्वितीय पक्षले काम समाप्त गर्न नसकेमा ठेक्का अवधि समाप्त भएको मितिले सम्झौता रकमको ०.०५ प्रतिशत प्रति दिनका दरले हर्जाना स्वरुप द्वितीय पक्षले बुझाउनु पर्नेछ । सम्झौता रकमको १० प्रतिशतसम्म हर्जाना लाग्ने अवधिसम्ममा पनि काम सम्पन्न गर्न नसकेमा वा कार्य बीचैमा छोडेमा प्रथम पक्षले आफ्नो तर्फबाट सो कार्य सम्पन्न गराई, कार्य सम्पन्न गराउँदा लागेको सम्पूर्ण खर्च द्वितीय पक्षबाट असुल उपर गर्नेछ । द्वितीय पक्षले सम्झौता अनुसारको कार्य नगरेमा वा हेलचेक्र्याई गरी समयमै काम सम्पन्न नगरेको कारण ठेक्का सम्झौता भंग गरिएमा सम्झौताका बखत द्वितीय पक्षले राखेको परफरमेन्स बण्ड जफत गरी त्यस्तो फर्मलाई कालोसूचीमा राख्न कारवाही अगाडि बढाईने छ ।

२९. **लिखतको दायित्व समाप्त नहुने** : शर्त नं.२८ वमोजिम द्वितीय पक्षले प्रथम पक्षलाई क्षतिपूर्ति दिनु पर्ने भएमा वा दिईसकेपछि पनि सम्झौतापत्र बमोजिम द्वितीय पक्षको दायित्व समाप्त भएको मानिने छैन ।

३०. **संभार अवधि तथा त्रुटी सुधार** : सम्झौता अनुसारको काम सम्पन्न भई द्वितीय पक्षले प्रथम पक्षबाट बिलको अन्तिम भुक्तानी प्राप्त गरेको मितिले एक वर्षसम्म उक्त कार्यमा कुनै किसिमको त्रुटी वा खराबी देखिएमा ईन्जिनियरले निर्देशन दिए वमोजिमको समयभित्र द्वितीय पक्षले आफ्नो खर्च लगाई त्यस्तो त्रुटी वा खरावी सच्याउनु वा पुनः निर्माण गर्नु पर्ने भएमा पुनः निर्माण समेत गर्नु पर्नेछ । संभार अवधिमा सुधार्नु पर्ने काम द्वितीय पक्षले तोकिएको समयभित्र सम्पन्न नगरेमा प्रथम पक्षले आफैले वा अन्य व्यवस्था गरी सो वनाउने वा सुधार कार्य गर्ने गराउने छ र यसको लागि लागेको खर्च द्वितीय पक्षबाट प्रथम पक्षले भराई लिन वा द्वितीय पक्षलाई भुक्तानी दिनु पर्ने रकमबाट कट्टा गरी असुल उपर गर्न सक्नेछ ।

३१. **हेरफेर गर्ने आदेश** : (१) ईन्जिनियरको सल्लाहमा प्रथम पक्षले कामको कुनै भाग परिमाण वा गुण सम्बन्धी देहायका लिखित आदेशहरु द्वितीय पक्षलाई दिन सक्नेछ र त्यस्तो आदेश पाएमा सो आदेश वमोजिम गर्नु द्वितीय पक्षको कर्तव्य हुनेछ :-

(क) यस सम्झौतापत्र वमोजिम गर्नु पर्ने कामको परिमाण घटाउन वा बढाउन,
(ख) कामको कुनै भाग बिलकुलै नगर्न,
(ग) कुनै कामको रुप, गुण र किसिममा हेरफेर गर्न,
(घ) कामको कुनै भागको केवल, लाईन, पोजिशन र डाईमेन्सन हेरफेर गर्न,
(ङ) काम तामेल गर्ने सम्बन्धमा दिईएका अन्य कामहरु गर्न ।

(२) उपशर्त (१) वमोजिमको आदेशबाट काममा कुनै हेरफेर हुन गएमा सोको मूल्याङ्कन सम्झौतापत्रको दर वमोजिम निर्धारण गरिनेछ । यस सम्झौतापत्रमा दररेट उल्लेख नभएकोमा प्रथम पक्ष र द्वितीय पक्षका वीच मञ्जुरी भए वमोजिम दर निर्धारण गरिनेछ । यसरी पनि दर मञ्जुर हुन नसकेमा ईन्जिनियरले ठहराए वमोजिम दर वा अंक निर्धारण गरिनेछ ।

३२. **बस्तु तथा सामग्रीको प्रयोग** : (१) शर्त नं.३६ वमोजिम द्वितीय पक्षलाई कामबाट हटाईएमा निर्माण स्थलमा द्वितीय पक्षले ल्याएका बस्तु तथा सामाग्री कार्यस्थलबाट बाहिर लिएर जान पाउने छैन ।

(२) अन्य कुनै व्यक्ति वा फर्मसँग निर्माण सामाग्रीहरु सम्झौता गरी ल्याएको भए सम्झौता भएको मितिले यथाशक्य चाँडो द्वितीय पक्षले ईन्जिनियरलाई त्यस्तो सामाग्रीहरुको फेहरिस्त सहित लिखित जानकारी दिनु पर्नेछ । यसरी जानकारी दिँदा ढुवानी वापत द्वितीय पक्षले व्यहोर्नु पर्ने भाडा अंक समेत खुलाउनु पर्नेछ ।

(३) शर्त नं.३६ वमोजिम सम्झौता भंग गरी द्वितीय पक्षलाई कामबाट हटाईएमा बाँकी काम पूरा गर्न, त्यस्ता काम समाप्त नभएसम्मको अवधिको लागि द्वितीय पक्षको स्वामित्वमा रहेका बस्तु र निर्माण सामाग्रीहरु प्रथम पक्षले प्रयोग गर्न सक्नेछ ।

३३. **कामको नाप** : यस सम्झौतापत्रमा अन्यथा व्यवस्था भएकोमा बाहेक द्वितीय पक्षले कामको बिल पेश गरेपछि ईन्जिनियरले यस सम्झौतापत्र बमोजिम भएको कामको नाप जाँच गरी मूल्य निर्धारण गर्नेछ । कामको नाप जाँच गर्दा आवश्यक मद्दत मागिएमा द्वितीय पक्षले त्यस्तो मद्दत गर्नु पर्नेछ । द्वितीय पक्षबाट यस सम्बन्धमा कुनै मद्दत नपाएमा ईन्जिनियरले नापेका वा निजले स्वीकृत गरेका कामको नाप ठीक भएको मानिनेछ ।

३४. **नाप गर्ने तरिका** : यस सम्झौतापत्रमा स्पष्ट रुपमा कुनै खास तरिकाबाट नाप हुने उल्लेख भएको बाहेक कामको नाप नेट तरिकाले गरिनेछ ।

३५. **कामको प्रमाणपत्र** : सम्पूर्ण काम समाप्त गरी अन्तिम बिलको भुक्तानी भएपछि कार्य सम्पन्न गरेको प्रमाणपत्र द्वितीय पक्षलाई प्रथम पक्षले दिनेछ ।

३६. **सम्झौता भंग गर्न सकिने** : (१) देहायको कुनै अवस्थामा कारण खुलाई प्रथम पक्षले १५ (पन्ध्र) दिनको सूचना दिई सम्झौता भंग गर्न सक्नेछ :

(क) द्वितीय पक्ष साहूको दामासाहीमा परेमा,
(ख) द्वितीय पक्ष लिक्वीडेसनमा गएमा,
(ग) प्रथम पक्षको पूर्व स्वीकृति वेगर अरु कसैलाई द्वितीय पक्षले काम सुम्पेमा,
(घ) ईन्जिनियरले कारण खुलाई देहाय वमोजिम भएको भनी प्रमाणित गरी दिएमा द्वितीय पक्षले करार तोडेको मानिनेछ :

(१) द्वितीय पक्षले तोकिएको समयमा काम शुरु नगरेको र सो सम्बन्धमा मनासिव कारण पनि नभएको ।
(२) स्थगित गरिएको काम चालु गर्नु भन्ने आदेश पाएको १५ (पन्ध) दिनभित्र पनि काम चालु नगरेको र सो सम्बन्धमा मनासिव कारण पनि नभएको,
(३) काममा कुनै भाग तोडी बनाउन पर्ने वा कुनै वस्तु निर्माण स्थलबाट हटाउन ईन्जिनियरले दिएको आदेश १५ (पन्ध्र) दिनसम्ममा पनि पालन नभएको, वा
(४) सम्झौता वमोजिम गर्नु पर्ने कामको प्रगति सन्तोषजनक नभएको वा द्वितीय पक्षले सम्झौता बमोजिम गर्नु पर्ने दायित्व पूरा गर्न बारम्बार हेलचक्राई गरिरहेमा ।

(२) उपशर्त (१) वमोजिमको सूचना दिएको मितिले १५ (पन्ध्र) दिनपछिका कुनै पनि दिनमा प्रथम पक्षले कार्यस्थलबाट द्वितीय पक्षलाइ हटाउन सक्नेछ र बाँकी काम आफू वा अरु व्यक्तिद्वारा गर्न र गराउन सक्नेछ । यसरी निर्माण गर्दा लागेको खर्च प्रथम पक्षले स्वीकृत गरेको दररेटभन्दा वढी भएमा बढी रकम द्वितीय पक्षको कार्य सम्पादन जमानतबाट असुल उपर गरिनेछ ।

(३) करार भंग गरी द्वितीय पक्षलाई कामबाट हटाएमा ईन्जिनियरले द्वितीय पक्षबाट लिनु पर्ने वा द्वितीय पक्षलाई दिनु पर्ने रकम निर्धारित गर्नेछ । कुनै रकम दिनु पर्ने ठहर भएमा द्वितीय पक्षलाई दिईनेछ र द्वितीय पक्षबाट

लिनु पर्ने भएमा निजबाट असुल उपर गरिनेछ । द्वितीय पक्षले समयमा सो रकम दिन आनाकानी गरेमा कार्यस्थलमा रहेको द्वितीय पक्षका मालवस्तु निर्माण सामाग्रीहरु आदि विक्री गरी वा प्रचलित कानून बमोजिम असुल उपर गरिने छ ।

३७. **दायित्व नरहने** : (१) देहायको कुनै पनि स्थितिमा काममा भएको क्षति वा कसैको ज्यान, धनमालमा भएको क्षतिको सम्बन्धमा द्वितीय पक्षको कुनै दायित्व हुनेछैन र त्यस सम्बन्धमा द्वितीय पक्षले कुनै पनि रुपमा क्षतिपूर्ति दिनु पर्ने छैन :-

(क) विदेशी आक्रमणको कारणबाट भएको क्षति,
(ख) आन्तरिक विद्रोह वा गृह युद्धको कारणबाट भएको क्षति, र
(ग) भुकम्प वा अरु कुनै दैवी प्रकोप परेका कारणबाट भएको क्षति ।

(२) उपशर्त (१) मा उल्लेखित कारण बाहेक अन्य अवस्थामा निर्माण कार्य शुरु भएदेखि निर्धारित काम सम्पन्न गरी प्रथम पक्षलाई हस्तान्तरण नगरुन्जेलसम्म कुनै हानी नोक्सानी भएमा द्वितीय पक्षनै पूर्ण रुपले जिम्मेवार हुनेछ ।

३८. **सम्झौता समाप्त गर्न सकिने** : युद्धको कारण वा काबु बाहिरको परिस्थिति परी यस करार बमोजिम हुनु पर्ने काममा असर पर्ने भएमा वा काम सम्पन्न गर्न सक्ने अवस्था नदेखिएमा प्रथम पक्षले द्वितीय पक्षलाई सो कारण उल्लेख गरी १५ (पन्ध्र) दिनको लिखित सूचना दिई सम्झौता समाप्त गर्न सक्नेछ ।

३९. **भुक्तानी** : (१) द्वितीय पक्षबाट भुक्तानीको लागि निवेदन पेश हुन आएमा कामको प्रगति हेरी वास्तविक नापको आधारमा ईन्जिनियरको सिफारिसमा रनिङ्ग बिलको भुक्तानी दिईनेछ । यसरी भुक्तानी दिँदा प्रचलित कानून बमोजिम तिर्नु पर्ने करका साथै रिटेन्सन मनि वापत रनिङ्ग बिलको १० (दश) प्रतिशत कट्टा गरी धरौटी स्वरुप राखिने छ । पछि काम समाप्त भै ईन्जिनियरले अन्तिम जाँचपास गरी प्रमाणित गरेपछि उक्त धरौटी स्वरुप राखिएको रकम बाहेक फाईनल बिलको ुक्तानी गरिनेछ र शर्त नं.४१ को बमोजिम मात्र सो धरौटी स्वरुप राखिएको रिटेन्सन मनी वापतको रकम फिर्ता गरिनेछ ।

(२) निर्माण कार्य बैंकका प्राविधिकको रेखदेखमा गरिनेछ । बिल अफ क्वान्टिटीमा उल्लेख गरिएको विवरण तथा स्पेसिफिकेशन अनुसारको कार्य नभई फरक परेमा प्रथम पक्षलाई स्वीकार्य हुने छैन र त्यस्तो कामको भुक्तानी दिईने छैन ।

(३) द्वितीय पक्षले कार्य सम्पन्न गरी भुक्तानीको लागि पेश गरेको अन्तिम बिलको भुक्तानी गर्ने क्रममा प्रथम पक्षले आवश्यक ठानेमा आफ्नै खर्चमा वाह्य प्राविधिकबाट कामको नापजाँच तथा स्पेसिफिकेशन अनुसारको भए नभएको गुणस्तर परीक्षण गराउन सक्नेछ । यस्तो नापजाँच परीक्षणबाट प्राप्त विवरणलाई अन्तिम मानी बिलको भुक्तानी गरिने हुँदा सो उपर द्वितीय पक्षले कुनै विवाद उठाउन पाउने छैन । वाह्य प्राविधिकबाट नापजाँच तथा परीक्षण हुँदा बैंकलाई हानी नोक्सानी हुने गरी काम कारबाही भए गरेको पाईएमा शर्त नं.२८ बमोजिम द्वितीय पक्षलाई कारवाही गर्न सकिनेछ ।

४०. **ठेक्का कार्यमा परिवर्तन** : प्राविधिक वा अन्य कुनै कारणवस बोलपत्र वा ठेक्का सम्झौतामा उल्लेखित कार्यमा थपघट वा हेरफेर गर्न बान्छनीय देखिन आएमा सोको पर्याप्त कारण सहित ईन्जिनियरबाट पेश हुन आएमा र यस सम्वन्धमा प्रथम पक्ष सन्तुष्ट भएमा त्यस्तो कार्य थपघट वा हेरफेर गर्ने स्वीकृति दिन सक्नेछ ।

४१. **परफरमेन्स बण्ड र रिटेन्सन मनीको भुक्तानी** : कार्य पूरा भई हस्तान्तरण भएको मितिले एक वर्ष भित्र कार्यको बनौटमा कैफियत देखिएमा वा सोही कारणले भत्केमा, बिग्रेमा, ढलेमा वा कुनै हानी नोक्सानी भएमा उक्त कार्य द्वितीय पक्षले पूरा गर्नु पर्नेछ । सो पश्चात कामको गुणस्तर निरीक्षण गरी सम्पादित काम सन्तोषजनक पाईएमा मात्र त्रुटि सच्याउने अवधि समाप्त भएको एक वर्षपछि परफरमेन्स वण्डको फुकुवा गरिनेछ र रिटेन्सन मनी वापतको रकम काम समाप्त भएको मितिले दुई वर्षपछि ५० प्रतिशत फिर्ता भुक्तानी दिईनेछ र बाँकी ५० प्रतिशत द्वितीय पक्षले सम्बन्धित आन्तरिक राजश्व कार्यालयबाट आय विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि मात्र भुक्तानी दिईने छ ।

४२. **पेश्की** : (१) कामको लागि द्वितीय पक्षले अग्रिम पेश्की माग गरेमा स्वीकृत कूल रकम (मूल्य अभिवृद्धि कर बाहेक) को २० (बीस) प्रतिशतसम्म प्रथम पक्षले दिएको नमूना अनुसार बैंक ग्यारेन्टी लिई पेश्की दिन सकिनेछ ।

(२) द्वितीय पक्षलाई गएको पेश्की फछ्र्यौट नभएसम्म निजले पाउने प्रत्येक स्वीकृत रनिङ्ग बिल रकम ५० प्रतिशतका दरले प्रथम पक्षले कट्टा गरी असुल गर्नेछ ।

४३. **माल सामानको सुरक्षा र रेखदेख** : कार्यस्थलमा रहेको सम्पूर्ण मालसामानको सुरक्षा र रेखदेख गर्ने जिम्मेवारी द्वितीय पक्षको हुनेछ ।

४४. **विवादको समाधान** : प्रथम पक्ष र द्वितीय पक्षका बीच यस सम्झौतापत्र बमोजिम हुनु पर्ने काम चालु अवस्थामा वा समाप्त भएपछि पनि सो सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा दुबै पक्षले आपसी छलफलद्वारा उक्त विवादलाई

समाधान गर्नु पर्नेछ । कथंकदाचित आपसी छलफलद्वारा त्यस्ता विवादको समाधान हुन नसकेमा प्रचलित कानून बमोजिम विवादको समाधान गरिनेछ ।

४५. **कर तथा दस्तुर** : प्रचलित कानून बमोजिम लाग्ने कर, दस्तूर र अन्य शुल्क द्वितीय पक्षले व्यहोर्नु पर्नेछ ।

४६. **सम्झौताको अभिन्न अंग** : यस कार्यको दरभाउपत्र सम्बन्धी सूचना तथा दरभाउपत्रका शर्तहरु यस सम्झौताका अभिन्न अंग हुनेछन् ।

दुबै पक्षका आधिकारिक प्रतिनिधिहरुले निम्न साक्षीहरुको रोहवरमा आज मिति २० साल ............... गते रोज ...... का दिन नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभाग, थापाथली, काठमाडौंमा बसी दुई प्रति सम्झौतापत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौं/दियौं ।

| **प्रथम पक्षको तर्फबाट** | **द्वितीय पक्षको तर्फबाट** |
|---|---|
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| पद : | पद : |
| कार्यालयको छाप : | फर्म/कम्पनीको छाप : |

| **साक्षी :** | **साक्षी :** |
|---|---|
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| पद : | ठेगाना : |